# सरावल गाउँपालिका

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

प्रदेश नं. ५ , नेपाल

च.नं.

पत्र संख्या : ०७६/०७७

मितिः-२०७७/०४/२६

## मेलमिलापकर्ता सुचिकृत हुने सम्वन्धी सुचना ।

यस सरावल गाउपालिकामा स्वीकृत न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिको सम्वन्धमा वजेको ऐनको दफा ६० को उपदफा १ मा मेलमिलापकर्ताहरुको सुची वार्षिक रुपमा अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ। सोही अनुरुप यस गाउपालिकाको न्यायिक समितिको मिति २०७७/०४/२१ गतेको निर्णय अनुसार यस गाउपालिकामा रही गाउपालिका भित्र हुने विवादहरु नियमानुसार समाधान गर्न ईच्छुक देहायको योग्यता पुगेको नेपाली नागरिकहरुमध्ये पहिले नै सुचिकृत भईसकेको भए यस गाउपालिकामा मेलमिलापकर्ताको रुपमा कार्य गर्न ईच्छुक रहेको निवेदन सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयको न्याय शाखामा आई आफ्नो निवेदन दर्ता गराउनुहुन तथा नया मेलमिलापकर्ताको रुपमा सुचिकृत हुन चाहने स्थानिय स्तरमा समाजसेवीको रुपमा पहिचान वनाएको र कुनै पनि राजनितिक दल प्रति आस्था राखी राजनितिमा सक्रिय नरही कम्तीमा २५ वर्ष पुरा भएको नेपाली नागरीकले देहायको कागजातसहित यस कार्यालयको न्याय शाखामा सुचि दर्ता गराउनुहुन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । पहिले नै मेलमिलापकर्ताको रुपमा सुचिकृत हुनुभएको मेलमिलापकर्ताले निवेदन पेश नगरेमा मेलमिलापकर्ताको सुचिवाट हटाईने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ । साथै मेलमिलापकर्ता सुचिकृत गर्ने जिम्मेवारी न्यायिक समितिको हुने हुनाले निवेदनउपर कारवाही गरी यस गाउपालिकाको मेलमिलापकर्ताको सुची समितिको निर्णयवमोजिम पछि प्रकाशित गरिनेछ ।

तपशिल

- निवेदन
- नेपाली नागरिकताको प्रतिलिपी
- मेलमिलापसम्वन्धी कम्तिमा आधारभुत तालिम(४८ घण्टे) प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी

..................

वुध्दप्रकाश पौडेल

प्रमुख प्रशासकिय अधिकृत